लुङ्ग्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा
(लुम्बिनी प्रदेश, नेपाल)

Mbl no.:9857824566/9857877039
Email: lungrimun@gmail.com
website:www.lungrimun.gov.np
www.facebook.com/lungrimun

पत्र संख्याः ०८०/८१
सूचना नम्बरः २०

**पोषण सुधारका लागि आयआर्जन कार्यक्रम संचालन गर्न प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना!**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/११/०६**

यस लुङ्ग्री गाउँपालिकाको आ.ब.२०८०/०८१ मा स्वीकृत शसर्त अनुदान तर्फको संघीय सरकारबाट हस्तान्तरित बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत रु ६००,०००/- (अक्षरुपी छ लाख मात्र) र गाउँपालिकाबाट रु २५०००/-( अक्षरुपी पच्चीस हजार मात्र) गरी जम्मा रु ६२५,०००/-(छ लाख पच्चीस हजार मात्र) रकमबाट महिला, बालबालिका तथा किशोरीहरुमा रहेको कुपोषणलाई दिगो विकास लक्ष्य अनुरुप घटाउने उद्देश्यका साथ कुपोषणको समस्यालाई समाधान गर्न र यसका विभिन्न कारक तत्वहरुलाई बहुक्षेत्रीय पोषण अवधारणा अनुसार निराकरण गर्न र महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण एवं व्यवसायिक उद्यमशीलता प्रवर्द्धन गर्न **पोषण सुधारका लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार गर्न अनुदान कार्यक्रम** रहेको हुँदा यस गाउँपालिका भित्र कार्यक्षेत्र भई योग्यता पुगेका इच्छुक महिला सहकारी/महिला समूहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा तपसिलका कागजातहरु संलग्न राखी कार्यालय समय भित्र कार्यक्रम प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

संलग्न गर्नुपर्ने कागजातहरुः

१. निवेदन र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
२. तोकिएको ढाँचामा कार्यक्रमको प्रस्तावना। (प्रस्तावनाको ढाँचा www.lungrimun.gov.np मा सूचना संगै संलग्न छ)
३. समूह एवम संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि र विधानको प्रतिलिपि।
४. सहकारीको हकमा गत आ.व.को कर चुक्ता प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदन।
५. समूह एवम सहकारीको बैठकको निर्णय प्रतिलिपि।
६. कालोसूचिमा नपरेको र कुनै पनि सरकारी निकायबाट अनुदान नलिएको स्व-घोषण पत्र।

२०८०/११/६

.....................
लेपेन्द्र बहादुर बुढाथोकी
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखाः- वेवसाइटमा अपलोड गरिदिनुहुन।

लुङ्ग्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.२०७३

# महिला सहकारी/महिला समूहले पेश गर्ने प्रस्तावनाको ढाँचा

सहकारी वा समूहको नामः-

ठेगानाः-

दर्ता मितिः- दर्ता भएको कार्यालयः- दर्ता नं.

सहकारी वा समूहको भौगोलिक क्षेत्र/कार्यक्षेत्रः-

सहकारी वा समूहको कार्य प्रकृतिः-

सहकारी वा समूहको सदस्य संख्याः-

| दलित | जनजाती | अन्य | जम्मा |
|---|---|---|---|
| | | | |

कार्यसमिति सदस्य विवरणः-

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

सहकारी वा समूहको गत ३ आर्थिक वर्षको आय व्यय विवरणः

| क्र.सं. | आ.व. | आय रकम | व्यय रकम | कैफियत |
|---|---|---|---|---|
| १ | आ.व.२०७७/०७८ | | | |
| २ | आ.व.२०७८/०७९ | | | |
| ३ | आ.व.२०७९/०८० | | | |

मि. २०८०/१/१५

प्रमुख प्रशासकिय अधिकृत

सहकारी वा समूहको कार्यक्षेत्र भित्रका जनसाङ्ख्यिक विवरणः

| क्र.सं. | विवरण | जम्मा घरधुरी संख्या | संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | गर्भवती | २ वर्षमुनिका बालवालिका | २ देखि ५ वर्षसम्मका बालवालिका | १० देखि १९ वर्षसम्मका किशोरीहरु | अन्य | जम्मा |
| १ | जनजाती | | | | | | | |
| २ | दलित | | | | | | | |
| ३ | अन्य | | | | | | | |
| ४ | जम्मा | | | | | | | |

सहकारी वा समूहको कार्यक्षेत्र भित्रका खाद्य सुरक्षाको अवस्था विवरणः

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | आफ्नै उत्पादनले ३ महिना भन्दा कम खान पुग्ने घरधुरी | |
| २ | आफ्नै उत्पादनले ६ महिनासम्म खान पुग्ने घरधुरी | |
| ३ | आफ्नै उत्पादनले ९ महिना खाना पुग्ने घरधुरी | |
| ४ | आफ्नै उत्पादनले १२ महिना खान पुग्ने घरधुरी | |

अनुदानबाट लाभ पाउने अनुमानित विवरणः

| क्र.सं. | लगानीको क्षेत्र | संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | |
| १. | बाख्रापालन | | | | |
| २. | तरकारी खेती | | | | |
| ३. | कुखुरा पालन | | | | |
| ४. | अन्य.... | | | | |

| प्रस्ताव तयार गर्ने | प्रस्ताव रुजु गर्ने | प्रस्ताव स्वीकृत गर्ने(अध्यक्ष) |
|---|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |

२०८१।११।६

प्रमुख प्रशासकिय अधिकृत